
# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६८/६९ को एघार महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति *

### मुद्राप्रदाय

1. आर्थिक वर्ष २०६८/६९ को एघार महिनासम्ममा विस्तृत मुद्राप्रदाय १७.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ८.५ प्रतिशतले मात्र वृद्धि भएको थियो । वार्षिक बिन्दुगत आधारमा २०६९ जेठ मसान्तसम्ममा विस्तृत मुद्रा प्रदाय २२.१ प्रतिशतले वृद्धि भएको छ । वित्तीय क्षेत्रको खुद वैदेशिक सम्पत्तिमा उच्च वृद्धि भएको हुँदा विस्तृत मुद्रा प्रदायमा वृद्धि भएको हो । आर्थिक वर्ष २०६८/६९ को एघार महिनासम्ममा संकुचित मुद्रा प्रदाय अघिल्लो वर्षको सोही अवधिमा ०.७ प्रतिशतले बढेको तुलनामा १०.६ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा २०६९ जेठ मसान्तसम्ममा यस्तो मुद्रा प्रदाय १५.६ प्रतिशतले वृद्धि भएको छ ।




2. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. ११३ अर्ब २२ करोड (५२.४ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. ३३ करोड ५६ लाख (०.२ प्रतिशत) ले घटेको थियो । समीक्षा अवधिमा निर्यातमा सुधार आउनुका साथै विप्रेषण आप्रवाह उल्लेख्यरुपमा बढेको तथा खुद सेवा आयमा समेत सुधार भई चालू खाता सन्तुलन धनात्मक भएको र पूँजीगत खातामा समेत सुधार देखिएकोले भुक्तानी सन्तुलन सुदृढ भई मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्तिमा उच्च वृद्धि भएको हो ।

### कुल आन्तरिक कर्जा

3. आर्थिक वर्ष २०६८/६९ को एघार महिनासम्ममा कुल आन्तरिक कर्जा ६.० प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा १०.८ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०६९ जेठ मसान्तसम्ममा यस्तो कर्जा ९.६ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा सरकारको साधन परिचालनको तुलनामा खर्च कम भई यस बैंकमा उल्लेख्य रुपमा बचत कायम रहेको र निजी क्षेत्रतर्फको कर्जा पनि अपेक्षित रुपमा बढ्न नसकेकोले कुल आन्तरिक कर्जाको

* विगतमा मौद्रिक सर्भेक्षणमा नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकहरुको वासलातलाई मात्र समावेश गर्ने गरिएकोमा आर्थिक वर्ष २०६८/६९ को चार महिनादेखि मौद्रिक सर्वेक्षणको दायरामा विकास बैंक तथा वित्त कम्पनीहरुलाई समेत समावेश गरी विस्तृत मौद्रिक सर्वेक्षण प्रकाशनमा ल्याइएको छ । प्रस्तुत मौद्रिक विवरणहरु यसैमा आधारित रहेका छन् ।


विस्तार कम भएको हो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा ११.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा सो कर्जा १४.५ प्रतिशतले विस्तार भएको थियो ।

## सञ्चित मुद्रा

4. समीक्षा अवधिमा सञ्चित मुद्रा २०.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा २.६ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०६९ जेठ मसान्तसम्ममा सो मुद्रा २५.३ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकको सरकार र बैंक तथा वित्तीय संस्थाहरु माथिको दाबी घटे पनि खुद बैदेशिक सम्पत्ति उल्लेख्य रुपमा बढेकोले सञ्चित मुद्राको विस्तार उच्च रहन गएको हो ।

## बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको स्थिति

5. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन १८.२ प्रतिशत (रु. १४९ अर्ब ९२ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप परिचालन ८.९ प्रतिशत (रु. ६४ अर्ब ७३ करोड) ले मात्र बढेको थियो । समीक्षा अवधिमा बाणिज्य बैंकहरुको निक्षेप परिचालन २०.४ प्रतिशतले, विकास बैंकहरुको २४.३ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको निक्षेप परिचालन ०.१ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा बाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप परिचालनको वृद्धिदर क्रमशः ४.८ प्रतिशत, १४.३ प्रतिशत र ९.९ प्रतिशत रहेको थियो ।



चार्ट २: निक्षेप तथा कर्जा स्थिति (एघार महिना)

## बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहको स्थिति

6. आर्थिक वर्ष २०६८/६९ को एघार महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी १४.१ प्रतिशत (रु. १२० अर्ब १४ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा पनि कर्जा तथा लगानी १४.१ प्रतिशत (रु. १०४ अर्ब ७५ करोड) ले नै बढेको थियो । समीक्षा अवधिमा बाणिज्य बैंक र विकास बैंकहरुको कर्जा तथा लगानी क्रमशः १६.९ प्रतिशत र १७.९ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको कर्जा तथा लगानी १.७ प्रतिशतले घटेको छ । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १०.३ प्रतिशत (रु. ७१ अर्ब ५० करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १३.६ प्रतिशत (रु. ८२ अर्ब ३८ करोड) ले बढेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये बाणिज्य बैंक र विकास बैंकहरुको कर्जा प्रवाह क्रमशः १४.० प्रतिशत र ८.३ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको १०.५ प्रतिशतले घटेको छ ।

7. समीक्षा अवधिमा वाणिज्य बैंकहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. २६ अर्ब २६ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रु. १८ अर्ब ४३ करोडले मात्र बढेको थियो । त्यसैगरी, अघिल्लो वर्षको सोही अवधिसम्ममा कृषि क्षेत्रतर्फको कर्जा रु. २ अर्ब २४ करोडले घटेको तुलनामा समीक्षा अवधिमा रु. ८ अर्ब ५१ करोडले बढेको छ । समीक्षा अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रु. ८ अर्ब ९७

करोडले, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. १४ अर्ब ८१ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. ३ अर्ब ६९ करोडले बढेको छ।

## तरलता व्यवस्थापन

8. आर्थिक वर्ष २०६८/६९ को एघार महिनासम्ममा खुला बजार कारोबार अन्तर्गत रिपो बोलकबोल मार्फत रु. ७४ करोड ३७ लाख बराबरको तरलता प्रवाह भएको छ भने सोझै बिक्री बोलकबोल मार्फत रु. ८ अर्ब ४० करोडको तरलता प्रशोचन भई खुद रु. ७ अर्ब ६५ करोड ६३ लाख बराबरको तरलता प्रशोचन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा रिपो बोलकबोलबाट रु. ८२ अर्ब ४० करोड तरलता प्रवाह भएको थियो भने बिक्री बोलकबोलबाट रु. २ अर्ब र रिभर्स रिपो बोलकबोलबाट रु. १९ अर्बको तरलता प्रशोचन भई खुद रु. ६१ अर्ब ४० करोडको तरलता प्रवाह भएको थियो।

9. आर्थिक वर्ष २०६८/६९ को एघार महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (बाणिज्य बैंकहरू) बाट अमेरिकी डलर २ अर्ब ९२ करोड खुद खरिद गरी रु. २३४ अर्ब ४५ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ। अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर २ अर्ब २२ करोड खुद खरिद गरी रु. १६० अर्ब ६४ करोड बराबरको खुद तरलता प्रवाह गरेको थियो।

10. समीक्षा अवधिमा अमेरिकी डलर २ अर्ब ५० करोड बिक्री गरी रु. १९९ अर्ब ५१ करोड बराबरको भा.रु. खरिद भएको छ। अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २ अर्ब ४६ करोड बिक्री गरी रु. १७८ अर्ब १० करोड बरावरको भा.रु. खरिद भएको थियो।

## अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग


11. आर्थिक वर्ष २०६८/६९ को एघार महिनासम्ममा वाणिज्य बैंकहरूले कुल रु. २०५ अर्ब ८ करोड बराबरको अन्तर-बैंक कारोबार गरेका छन्। अघिल्लो वर्षको सोही अवधिमा कुल रु. ३४४ अर्ब ५८ करोड बराबरको यस्तो कारोबार भएको थियो। समीक्षा अवधिमा कुल रु. ५ अर्ब ५७ करोडको स्थायी तरलता सुविधाको उपयोग भएकोमा सो रकम २०६९ जेठ मसान्तमा चुक्ता भैसकेको छ। अघिल्लो वर्षको सोही अवधिमा रु. २०५ अर्ब ७२ करोड स्थायी तरलता सुविधा उपयोग भएकोमा रु. २ अर्ब ५१ करोड बक्यौता रहेको थियो। समीक्षा अवधिमा बैंकहरुको निक्षेप परिचालन बढ्न गई तरलताको स्थिति सुदृढ भएकोले अन्तर-बैंक कारोबारका साथै स्थायी तरलता सुविधाको उपयोगमा कमी आएको हो।

## अल्पकालीन ब्याजदर

12. अघिल्लो वर्षको सोही अवधिको तुलनामा आर्थिक वर्ष २०६८/६९ को जेठ महिनामा अल्पकालीन ब्याजदरहरुमा उल्लेख्य कमी आएको छ। सो अनुसार ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर अघिल्लो वर्षको जेठ महिनामा ८.३४ प्रतिशत रहेकोमा २०६९ जेठमा १.३४ प्रतिशत रह्यो। त्यसैगरी, अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर अघिल्लो वर्षको जेठमा १०.२३ प्रतिशत रहेको तुलनामा २०६९ जेठमा ०.८४ प्रतिशत रहेको छ।


## धितोपत्र बजार

13. नेप्से सूचकाङ्क वार्षिक बिन्दुगत आधारमा २२.५ प्रतिशतले वृद्धि भई २०६९ जेठ मसान्तमा ३६४.६७ बिन्दुमा पुगेको छ । सो सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिमा ३७.६ प्रतिशतले घटी २०६८ जेठ मसान्तमा २९७.६२ बिन्दु कायम भएको थियो ।




14. धितोपत्रको बजार पूँजीकरण वार्षिक बिन्दुगत आधारमा ३० प्रतिशतले वृद्धि भई २०६९ जेठ मसान्तमा रु. ३४४ अर्ब ४२ करोड कायम भएको छ । २०६९ जेठ मसान्तमा कायम बजार पूँजीकरणको आर्थिक वर्ष २०६८/६९ को लागि अनुमानित कुल गार्हस्थ्य उत्पादनसंगको अनुपात २५.२ प्रतिशत रहेको छ । २०६८ जेठ मसान्तमा यस्तो अनुपात २२.२ प्रतिशत रहेको थियो ।

15. बजार पूँजीकरणका आधारमा धितोपत्र बजारमा बैंक तथा वित्तीय संस्थाहरूको सबैभन्दा बढी हिस्सा रहेको छ । २०६९ जेठ मसान्तमा कायम रहेको बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरूको अंश ६९.२ प्रतिशत रहेको छ भने उत्पादन तथा प्रशोधन क्षेत्रको ३.४ प्रतिशत, होटलहरूको १.९ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.३ प्रतिशत, जलविद्युत क्षेत्रको ४.९ प्रतिशत र अन्यको २०.३ प्रतिशत रहेको छ ।





16. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २०६८ जेठ मसान्तसम्ममा २०५ रहेकोमा २०६९ जेठ मसान्तसम्ममा २१७ पुगेको छ । सूचीकृत कम्पनीहरूमा पनि बैंक तथा वित्तीय संस्थाहरूको बाहुल्यता रहेको छ । २०६९ जेठ मसान्तसम्ममा सूचीकृत कम्पनीहरूमध्ये १८५ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ४ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

17. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको चुक्ता पूँजी वार्षिक बिन्दुगत आधारमा ९.५ प्रतिशतले बढी २०६९ जेठ मसान्तमा रु. १०८ अर्ब ८४ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरू सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । चालू आर्थिक वर्षको एघार महिनासम्ममा रु. १ अर्ब ५४ करोड ९५ लाख बरावरको साधारण शेयर, रु. ३ अर्ब ९१ करोड ३५ लाख बराबरको बोनस शेयर, रु. २ अर्ब १६ करोड ५२ लाख बराबरको हकप्रद शेयर, रु. ४ करोड बराबरको परिवर्त्य अग्राधिकार शेयर र रु. ९ अर्ब २० करोड बराबरको सरकारी ऋणपत्र गरी कुल रु. १६ अर्ब ८६ करोड ८२ लाख बराबरको धितोपत्र सूचीकृत भएको छ ।

# मुद्रास्फीति र तलब तथा ज्यालादर

## उपभोक्ता मुद्रास्फीति

18. आर्थिक वर्ष २०६८/६९ को जेठ महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ९.९ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ८.८ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा वार्षिक बिन्दुगत आधारमा खाद्य तथा पेय पदार्थ र गैर-खाद्य तथा सेवा समूह दुवैको मूल्य सूचकाङ्कमा ९.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क १४.३ प्रतिशतले र गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क ४.३ प्रतिशतले वृद्धि भएको थियो । चालू आर्थिक वर्षको वैशाख महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ८.७ प्रतिशत रहेकोमा जेठ महिनामा बन्द-हडतालको कारणबाट आपूर्तिमा व्यवधान आएको र नेपाली मुद्राको विनिमयदरमा तीव्र ह्रास आएको कारण आयातीत वस्तुको मूल्य बढ्न गई उपभोक्ता मुद्रास्फीतिमा थप चाप पर्न गएको हो । त्यसैले चालू आर्थिक वर्षको एघार महिनासम्मको औसत मूद्रास्फीतिदर अघिल्ला महिनाहरुको तुलनामा केही वृद्धि भई ८.० प्रतिशत पुगेको छ ।





19. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये तरकारी उप-समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्कको वृद्धिदर सर्वभन्दा बढी अर्थात ३८.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ४६.६ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा क्रमशः ७.० प्रतिशत र ५.५ प्रतिशतले वृद्धि भएको घिउ तथा तेल र माछा-मासु उप-समूहहरुको मूल्य सूचकाङ्क समीक्षा अवधिमा क्रमशः २०.७ प्रतिशत र १३.० प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, समीक्षा अवधिमा चिनी तथा मिठाई र दुग्ध पदार्थ तथा अण्डा उप-समूहको बिन्दुगत मूल्य सूचकाङ्क क्रमशः १२.५ प्रतिशत र ९.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा सो वस्तुहरुको मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः २३.४ प्रतिशत र १६.९ प्रतिशत रहेको थियो । अघिल्लो वर्षको सोही अवधिमा ६.९ प्रतिशतले वृद्धि भएको मसला उप-समूहको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा १०.४ प्रतिशतले ह्रास आएको छ ।

20. समीक्षा अवधिमा गैर-खाद्य तथा सेवा समूहका वस्तुहरुमध्ये यातायात उप-समूहको मूल्य सूचकाङ्कमा १७.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ११.० प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, समीक्षा अवधिमा लत्ता-कपडा तथा जुत्ता-चप्पल र फर्निसिंग तथा घरायसी उपयोगका सामान उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १५.१ प्रतिशत र १३.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित दुवै उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १४.७ प्रतिशत र ५.५ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा विविध वस्तु तथा सेवा उप-समूहहरुको मूल्य सूचकाङ्कमा ९.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो सूचकाङ्कमा ५.९ प्रतिशतले वृद्धि भएको थियो । संचार उप-समूहको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ७.१ प्रतिशतले ह्रास भएको छ । अघिल्लो वर्षको सोही अवधिमा पनि उक्त उप-समूहको मूल्य सूचकाङ्कमा १२.८ प्रतिशतले ह्रास भएको थियो ।

21. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सबैभन्दा बढी पहाडमा १०.३ प्रतिशत, तराईमा १०.१ र काठमाडौं उपत्यकामा ९.४ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रहरुमा यस्तो मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः ९.९ प्रतिशत, ६.९ प्रतिशत र १०.५ प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति

22. समीक्षा अवधिमा थोक मूल्य सूचकाङ्कको वार्षिक बिन्दुगत वृद्धिदर ९.२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ८.९ प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गत आयातीत वस्तु, कृषिजन्य वस्तु तथा स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क क्रमशः ११.९ प्रतिशत, ८.७ प्रतिशत र ६.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको थोकमूल्य सूचकाङ्क क्रमशः ९.७ प्रतिशत, ७.६ प्रतिशत तथा ११.७ प्रतिशतले वृद्धि भएको थियो ।




23. समीक्षा अवधिमा कृषिजन्य वस्तुहरुमध्ये नगदेवालीको थोक मूल्य सूचकाङ्कमा २८.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सूचकाङ्कमा १.३ प्रतिशतले ह्रास भएको थियो । त्यसैगरी, फलफूल तथा तरकारी र पशुजन्य उत्पादनको वार्षिक बिन्दुगत थोक मूल्य सूचकाङ्क क्रमशः २०.८ र १०.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी उप-समूहहरुको थोक मूल्य सूचकाङ्कमा क्रमशः ३१.८ प्रतिशत र ६.३ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी अघिल्लो वर्षको सोही अवधिमा १६.९ प्रतिशतले वृद्धि भएको मसलाको थोक मूल्य सूचकाङ्कमा समीक्षा अवधिमा २५.४ प्रतिशतले ह्रास आएको छ ।

24. समीक्षा अवधिमा स्वदेशमा उत्पादित वस्तुहरु अन्तर्गतको खाद्यजन्य पदार्थको थोक मूल्य सूचकाङ्क १०.१ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, पेय तथा सुर्तीजन्य वस्तु र निर्माण सामाग्रीको थोक मूल्य सूचकाङ्कमा क्रमशः ६.१ प्रतिशत र ५.१ प्रतिशतले वृद्धि भएको छ ।

25. आयातीत वस्तुहरुमध्ये समीक्षा अवधिमा पेट्रोलियम पदार्थ तथा कोईला र कपडाजन्य सामाग्री उप-समूहहरुको थोक मूल्य सूचकाङ्क क्रमशः २७.० प्रतिशत र १८.० प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, विद्युतीय सामाग्री र यातायातका साधन तथा पार्टपुर्जाको थोक मूल्य सूचकाङ्कमा क्रमशः ११.८ प्रतिशत र ५.३ प्रतिशतले वृद्धि भएको छ ।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

26. समीक्षा अवधिमा वार्षिक बिन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क २१.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क २३.३ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलव सूचकाङ्क १९.३ प्रतिशतले वृद्धि भएको छ भने ज्यालादर सूचकाङ्क २१.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा तलव सूचकाङ्कमा कुनै परिवर्तन भएको थिएन भने ज्यालादर सूचकाङ्कमा ३०.७ प्रतिशतले वृद्धि भएको थियो ।

27. समीक्षा अवधिमा तलव अन्तर्गत बैंक तथा वित्तीय संस्था, सार्वजनिक संस्थान र सैनिक र प्रहरी सेवाको तलव सूचकाङ्क क्रमशः ४२.४ प्रतिशत, २८.० प्रतिशत र २६.५ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, शिक्षा, निजामती र निजी संस्थाको तलव सूचकाङ्क क्रमशः १९.१ प्रतिशत, १८.७ प्रतिशत र ८.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित सूचकाङ्कहरुमा कुनै परिर्वतन भएको थिएन ।

28. समीक्षा अवधिमा ज्यालादर अन्तर्गत औद्योगिक मजदुरको ज्यालादर सूचकाङ्क ३२.० प्रतिशतले, निर्माण मजदुरको २१.२ प्रतिशतले र कृषि मजदुरको १७.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित सूचकाङ्कहरु क्रमशः १३.६ प्रतिशत, २९.५ प्रतिशत र ३९.६ प्रतिशतले वृद्धि भएका थिए ।


## सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत

29. आर्थिक वर्ष २०६८/६९ को एघार महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रु. ११ अर्ब ४४ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सरकारी बजेट रु. ८ अर्ब ४२ करोडले घाटामा रहेको थियो । समीक्षा अवधिमा स्रोत परिचालनको तुलनामा कुल सरकारी खर्च न्यून रहेको कारण सरकारी बजेट बचतमा रहेको हो ।

### सरकारी खर्च

30. नगद प्रवाहमा आधारित कुल सरकारी खर्च समीक्षा अवधिमा १८.१ प्रतिशतले वृद्धि भई रु. २५० अर्ब ६३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सरकारी खर्च १२.५ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको वार्षिक बजेट आर्थिक वर्ष शुरू भएको पाँचौ महिनामा मात्र सार्वजनिक भई कार्यान्वयनमा आएकोमा चालू आर्थिक वर्ष समयमै बजेट सार्वजनिक भई कार्यान्वयनमा आएकोले कुल सरकारी खर्चको वृद्धिदर उच्च रहन गएको हो ।




31. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित चालू खर्चतर्फ रु. १८८ अर्ब ५९ करोड खर्च भएको छ भने पूँजीगत खर्चतर्फ रु. २८ अर्ब १२ करोड मात्र खर्च भएको छ ।


### सरकारी राजस्व

32. आर्थिक वर्ष २०६८/६९ को एघार महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन २०.० प्रतिशतले वृद्धि भई रु. २१० अर्ब ९६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व १४.५ प्रतिशतले वृद्धि भई रु. १७५ अर्ब ८६ करोड पुगेको थियो । समयमा नै बजेट

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोवार गर्ने राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका ६५ मध्ये ६५ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४३ मध्ये ३८ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु, नेपाल बंगलादेश बैंक लिमिटेड र ग्लोवल बैंक लिमिटेडका १-१ शाखाहरुबाट प्राप्त विवरणमा आधारित ।

कार्यान्वयनमा आएकोले आर्थिक क्रियाकलापहरुमा विस्तार भएको र कुल आयातमा वृद्धि भएको कारण राजस्वको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा बढ्न गएको हो ।

33. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्व १६.० प्रतिशतले वृद्धि भई रु. ६४ अर्ब ६८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो वृद्धिदर १६.४ प्रतिशत रहेको थियो ।




34. भन्सार राजस्व समीक्षा अवधिमा १९.४ प्रतिशतले वृद्धि भई रु. ३८ अर्ब ४९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो राजस्व ४.३ प्रतिशतले मात्र वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिको तुलनामा चालू आर्थिक वर्षको पहिलो एघार महिनासम्ममा कुल आयात तथा भारतीय अन्तःशुल्क फिर्ता प्राप्तिमा वृद्धि भएको कारण भन्सार राजस्वमा वृद्धि भएको हो ।

35. अन्तःशुल्क राजस्व समीक्षा अवधिमा १३.२ प्रतिशतले वृद्धि भई रु. २६ अर्ब ६६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त राजस्व ११.२ प्रतिशतले वृद्धि भएको थियो ।

36. समीक्षा अवधिमा आयकर राजस्व २४.८ प्रतिशतले वृद्धि भई रु. ४१ अर्ब ७८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयकर राजस्व २८.८ प्रतिशतले वृद्धि भएको थियो ।

37. समीक्षा अवधिमा गैर-कर राजस्व २८.३ प्रतिशतले वृद्धि भई रु. ३२ अर्ब ९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा गैर-कर राजस्व २२.३ प्रतिशतले वृद्धि भई रु. २५ अर्ब २ करोड रहेको थियो । समीक्षा अवधिमा राहदानी वापतको शुल्क, रोयल्टी तथा सार्वजनिक संस्थानवाट प्राप्त हुने लाभांशमा वृद्धि भएका कारण गैर-कर राजस्वमा वृद्धि भएको हो ।


### वैदेशिक नगद ऋण र अनुदान

38. आर्थिक वर्ष २०६८/६९ को एघार महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु. ४ अर्ब २६ करोड र वैदेशिक नगद अनुदानवापत् रु. ३९ अर्ब ५४ करोड प्राप्त भएको छ ।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

39. आर्थिक वर्ष २०६८/६९ को एघार महिनासम्ममा कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा १६.३ प्रतिशतले वृद्धि भई रु. ६७ अर्ब २१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु निर्यात ४.९ प्रतिशतले वृद्धि भई रु. ५७ अर्ब ७८ करोड पुगेको थियो । मासिक रुपमा हेर्दा चालू आर्थिक वर्षको



जेठ महिनामा कुल वस्तु निर्यात बैशाख महिनाको तुलनामा ११.८ प्रतिशतले वृद्धि भएको छ।

40. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात समीक्षा अवधिमा १६.७ प्रतिशतले वृद्धि भएको छ। यस्तो निर्यात अघिल्लो वर्षको सोही अवधिमा ७.५ प्रतिशतले बढेको थियो। त्यस्तै, अन्य मुलुकतर्फको निर्यात समीक्षा अवधिमा १५.६ प्रतिशतले वृद्धि भएको छ। अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको ३.३ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ४.९ प्रतिशतले वृद्धि भई अमेरिकी डलर २७ करोड ५१ लाख पुगेको छ। भारततर्फ मुख्यतयाः लत्ताकपडा, अलैंची, पोलिस्टर धागो, तामाको तार र जी. आई. पाइप लगायतको निर्यात बढेको कारण त्यसतर्फको निर्यातमा वृद्धि हुन गएको हो भने अन्य मुलुकतर्फ विशेषगरी ऊनी गलैंचा, पश्मिना, तयारी पोशाक, छाला र नेपाली कागज र सोका सामान लगायतको निर्यातमा वृद्धि भएको छ।

41. समीक्षा अवधिमा कुल वस्तु आयात १६.८ प्रतिशतले बढेर रु. ४१९ अर्ब ५७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ६.० प्रतिशतले वृद्धि भई रु. ३५९ अर्ब ३३ करोड पुगेको थियो। मासिक रुपमा हेर्दा जेठ महिनामा कुल वस्तु आयात बैशाख महिनाको तुलनामा १५.३ प्रतिशतले घटेको छ।

42. कुल वस्तु आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको एघार महिनासम्ममा २२.८ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा १३.६ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिसम्ममा १६.८ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा २३.१ प्रतिशतले वृद्धि भएको छ। अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु आयात अघिल्लो वर्षको सोही अवधिको १४.१ प्रतिशत ह्रासको विपरित समीक्षा अवधिमा ११.२ प्रतिशतले वृद्धि भई अमेरिकी डलर १ अर्ब ८४ करोड पुगेको छ। भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, कोइला, चामल, एम.एस. वायर (रड, क्वाइल र बार समेत) र धागो लगायतको आयात बढेको छ। अन्य मुलुकबाट विशेषगरी सुन, भटमासको कच्चा तेल, खाने तेल, अन्य मेशिनरी तथा पार्टस् र पोलिथिन ग्रानुयल लगायतको आयातमा वृद्धि भएको छ।

43. चालू आर्थिक वर्षको एघार महिनासम्ममा कुल वस्तु व्यापार घाटा १६.८ प्रतिशतले वृद्धि भई रु. ३५२ अर्ब ३६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु व्यापार घाटा ६.२ प्रतिशतले बढेको थियो। कुल वस्तु व्यापार घाटामध्ये भारतसंगको घाटा समीक्षा अवधिमा १३.० प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा भारतसंगको यस्तो घाटा २६.२ प्रतिशतले बढेको थियो। त्यस्तै, अघिल्लो वर्षको एघार महिनासम्ममा १९.४ प्रतिशतले घटेको अन्य मुलुकसंगको व्यापार घाटा समीक्षा अवधिमा २४.५ प्रतिशतले वृद्धि भएको छ।

44. आयात व्यापारमा भएको वृद्धिको कारण समीक्षा अवधिमा निर्यात-आयात अनुपात १६.० प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १६.१ प्रतिशत रहेको थियो।

### शोधनान्तर स्थिति


45. आर्थिक वर्ष २०६८/६९ को एघार महिनासम्ममा समग्र शोधनान्तर स्थिति हालसम्मकै उच्च रु. ११३ अर्ब २२ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा रु. ३३ करोड ५६ लाखले शोधनान्तर घाटामा रहेको थियो। आर्थिक वर्ष २०६८/६९ को एघार महिनासम्ममा चालू खाता रु. ६१ अर्ब ५६ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु. १४ अर्ब ६९ करोडले घाटामा रहेको थियो। खासगरी विप्रेषण आयमा भएको उल्लेख्य वृद्धि एवं सेवा खातामा भएको उल्लेख्य सुधारका कारण चालू खातामा उत्साहजनक बचत भएको हो।

अमेरिकी डलरमा समीक्षा अवधिमा शोधनान्तर बचत १ अर्ब ४१ करोड ८ लाख डलर पुगेको छ भने चालू खाता बचत ७४ करोड ७९ लाख डलर पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर घाटा १ लाख डलर तथा चालू खाता घाटा २० करोड १३ लाख डलर रहेको थियो ।

46. एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्षको सोही अवधिमा ५.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १६.७ प्रतिशतले वृद्धि भई रु. ३३९ अर्ब २९ करोड पुगेको छ । विगत केही वर्षदेखि घाटामा रहेको खुद सेवा आय समीक्षा अवधिमा रु. १४ अर्ब २३ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा खाता घाटा रु. ८ अर्ब ६९ करोड रहेको थियो । सेवा अन्तर्गत अघिल्लो वर्षको पहिलो एघार महिनासम्ममा पर्यटन आय १३.२ प्रतिशतले ह्रास भएकोमा समीक्षा अवधिमा २५.५ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, खुद ट्रान्सफर आय अघिल्लो वर्षको सोही अवधिको ९.३ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ३५.२ प्रतिशतले वृद्धि भई रु. ३७७ अर्ब ६ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गत विप्रेषण आप्रवाह अघिल्लो वर्षको सोही अवधिमा १०.१ प्रतिशतले वृद्धि भएको तुलनामा समीक्षा अवधिमा ३९.६ प्रतिशतले वृद्धि भई रु. ३२० अर्ब ३८ करोड पुगेको छ । मासिकरुपमा हेर्दा, चालू आर्थिक वर्षको बैशाख महिनाको तुलनामा जेठ महिनामा विप्रेषण आप्रवाह १३.४ प्रतिशतले वृद्धि भएको छ । अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्षको सोही अवधिमा १२.६ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा २५.२ प्रतिशतले वृद्धि भई ३ अर्ब ९७ करोड ६१ लाख अमेरिकी डलर पुगेको छ । त्यसैगरी, समीक्षा अवधिमा वित्तीय खाता अन्तर्गत रु. ८ अर्ब ७ करोडको प्रत्यक्ष वैदेशिक लगानी प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो लगानी वापत रु. ६ अर्ब ६ करोड प्राप्त भएको थियो ।

### विदेशी विनिमय सञ्चिति

47. २०६९ जेठ मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६८ असार मसान्तको रु. २७२ अर्ब १५ करोडको तुलनामा ५६.९ प्रतिशतले वृद्धि भई रु. ४२७ अर्ब १ करोड पुगेको छ । २०६८ जेठ मसान्तमा यस्तो सञ्चिति २०६७ असार मसान्तको तुलनामा ०.४ प्रतिशतले बढेर रु. २६९ अर्ब ९२ करोड रहेको थियो । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६८ असार मसान्तको रु. २१३ अर्ब १० करोडको तुलनामा २०६९ जेठ मसान्तमा ६९.९ प्रतिशतले वृद्धि भई रु. ३६१ अर्ब ९५ करोड पुगेको छ । अमेरिकी डलरमा भने बैकिङ्ग क्षेत्रमा रहेको परिवर्त्य विदेशी मुद्रा सञ्चिति २०६८ असारदेखि २०६९ जेठ मसान्तसम्ममा १९.५ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ३ अर्ब ७१ करोड ९१ लाख पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति ५.० प्रतिशतले बढेको थियो । त्यसैगरी, आर्थिक वर्ष २०६८/६९ को पहिलो एघार महिनाको अवधिमा अपरिवर्त्य भारतीय मुद्रा सञ्चिति ८९.७ प्रतिशतले वृद्धि भई भा.रु. ६० अर्ब ९४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति २.० प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०६८/६९ को एघार महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ११.४ महिनाको वस्तु आयात र १०.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।



चार्ट १०: कूल विदेशी विनिमय सञ्चिति (एघार महिना)

**अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति**

48. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६८ जेठ मसान्तमा प्रति व्यारल अमेरिकी डलर ११४.६७ रहेकोमा २०६९ जेठ मसान्तमा १५.३ प्रतिशतले ह्रास भई प्रति व्यारल अमेरिकी डलर ९७.१३ पुगेको छ । सुनको मूल्य भने २०६८ जेठ मसान्तमा प्रति आउन्स अमेरिकी डलर १५२९.७५ रहेकोमा २०६९ जेठ मसान्तमा ६.४ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १६२७.२५ पुगेको छ ।

49. २०६८ असार मसान्तको तुलनामा २०६९ जेठ मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसंग १९.९ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसंग ४.१ प्रतिशतले अधिमूल्यन भएको थियो । २०६९ जेठ मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ८८.६० पुगेको छ । २०६८ असार मसान्तमा उक्त विनिमय दर रु. ७०.९५ रहेको थियो ।